श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा को खण्ड (घ) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मोल निर्धारण गर्ने उद्देश्यका लागि भेरी अञ्चलमा देहाय अनुसार अध्यक्ष र सदस्यता भएको मूल्य निर्धारण सल्लाहकार समिति गठन गरेको छ।

१) भेरी अञ्चलाधीशज्यू – – – – – – – – – – – अध्यक्ष
२) प्रमुख भन्सार अधिकृत, नेपालगञ्ज – – – – – – – – सदस्य
३) स्थानीय व्यापार संघका सभापति – – – – – – – – सदस्य
४) राष्ट्रिय व्यापार निगमको क्षेत्रीय प्रबन्धक – – – – – – – सदस्य

आज्ञाले–
देवेन्द्रराज उपाध्याय
श्री ५ को सरकारको सचिव

## भूलसुधार

खण्ड २५ मिति २०३२।१२।२३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको विशेष अदालत ऐन, २०३१ अन्तर्गतको सूचनाको श्री बोधरीराज पाण्डेलाई भन्ने शब्दपछि "मिति २०३२।१२।८ देखि" भन्ने वाक्यांश छूट भएकोले भूलसुधार गरिएको छ।

कानून तथा न्याय मन्त्रालय।

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
C60